# आफ्नै इतिहासको शृंखला–६

दाजुलाई देख्ने वित्तिकै मेरो सातो गयो । म टक्क अडिएँ । एकाएक म रोकिएको देखेर मनशोभाले मेरो हात तान्दै छिटो हिँड्न आग्रह गरिन् । म लाज र डरले मूर्तिवत भएँ । दाजु यो सब देखेर पनि नदेखेझैँ आफ्नो बाटो जानुभयो । मैले मनशोभालाई केही नभनी घरमा पुऱ्याए र केही बेरपछि भयभीत मनमा धेरै कुरा खेलाउँदै घर फर्किएँ । म घरमा पुग्नासाथ रमेशसँग हालखबर बुझ्रिरहनुभएका दाजुले मलाई देखेपछि कुराको सिलसिला परिवर्तन गर्नुभयो र हामीले पढाइमा ध्यान नदिएर हड्ताल गरेकोमा असन्तोष जनाउनुभयो । मलाई हेरेर व्यंग्को भाषामा पढ्न छोडेर चारतिर भौतारिँदा खुइले कुकुर हौला ! बेलैमा होस् गर भन्दै आफ्ना लामा जुंगा मुसार्नु भयो ।



खेमनाथ दाहाल

फलतः हामी केही साथीहरू खरानीमा दर्ज भएर भानुचौकमा निर्माण भएका सेण्डिकेटका टिनका छाप्रामा कोचिङ् पढ्न जान थाल्यौं । म र रमेश त्यहाँ पनि सक्रिय भयौं । कोचिङमा आयोजना हुने गोष्ठीमा पुरस्कारका रूपमा प्राप्त ल्यू सुन, माओका कृतिहरू र सचित्र चिनले हाम्रा टेबुल सजिन थाले । त्यसबेला हामीलाई शिव ढकाल, इन्द्र श्रेष्ठ, ओमकृष्ण सिटौला, दलु छाया, नेत्रबन्धु पौडेल आदि महेन्द्र कलेजका अग्रज दाइहरूले कोचिङमा दीक्षित गर्नुहुन्थ्यो ।

*गत आइतबारबाट क्रमशः*

म सधैंजसो घरमा वा स्कुलबाट घरजाँदा बाटामा नै किन नहोस् दाइहरूलाई साइन्स र अल्जेब्रा के हो ? मैले बुझिन भनेर हैरान बनाउने गर्दथेँ । वास्तवमा मैले साइन्सको पुस्तक त धेरै दिनसम्म पनि चिनिन् र दाजु युवराज, भान्दाइ भवानीलाई पटक-पटक यो साइन्स भनेको के हो ? यसले के गर्छ ? भनेर सोधिरहेँ । तर, कसैले पनि मलाई साइन्सका बारेमा प्रष्ट बुझाउन सकेनन् । मैले साइन्स बुझ्न निक्कै मिहिनेत गरेँ र यू.सी. दत्तसरले लेखेको साइन्सको किताब करिबकरिब कण्ठस्थ पारेँ तथापि बुझिन तर कक्षामा सरको प्रिय चाही भए ।

मैले स्कुल एडमिशन गरेको केही दिनमानै कक्षामा मेरो संस्कृत पढाइले प्रभाव देखाउन थाल्यो । म कक्षामा औसतमा राम्रै विद्यार्थीमा गनिन थाले । अब क्रमशः मलाई कक्षामा सहज लाग्न थाल्यो । यसबीचमा भरत पोखे्रल, यादव कार्की, भूपेन्द्र कार्की, नारायण कार्की, दीप कार्की, युवराज श्रेष्ठ, देवी घिमिरे आदि साथीहरूसँग रम्न थाले । यति बेलासम्ममा मेरो टुप्पी तान्नेलाई चिनेर पनि केही भन्न भने सकिरहेको थिइन । यति धेरै साथी भए पनि मेरो टुप्पी दुःखाइको निदान हुन सकेको थिएन । एक दिन पछाडिबाट महेन्द्र गिरीले मेरो टुप्पी तानेको दत्त सरले कक्षामा प्रवेश गर्दागर्दै देख्नुभएछ । यो देखेपछि सर सिधैं म भएको ठाउँमा आउनुभयो र मलाई कुटेको अभिनय गर्दै 'तार्पोरे' भनेर महेन्द्रका टाउकोमा औंला दोवारेर ट्वांग हान्नुभयो महेन्द्रका दुवै आँखाबाट तरक्क आँसु झरे । महेन्द्रका आँसु झरेका दिनदेखी मेरो टुप्पीले कहिल्यै दुःख पाएन । दत्तसरको एकजनालाई कुट्नु पऱ्यो भने अर्कोलाई तार्पेरे भनेर झुक्याएर कुट्ने अनौठो तरिका थियो । आँसु झरेका केही दिनपछि महेन्द्र र ममा एक प्रकारको मित्रता स्थापित भयो ।

म स्कुल जान थालेको केही महिनापछि गर्मीको छुट्टी भयो । यो छुट्टीमा म छिमेकी दाजुहरू राजेश्वर आचार्य, बल्लभ आचार्य, हरिहर आचार्यको घरमा फेरि जान थालेँ । यो घर म पिण्डेश्वर पढ्दादेखिकै मेरो देस्रो घर थियो । पहिले पनि हरिहर दाइ र उहाँहरूको भानिज अम्बिका अधिकारी दाइसँग होलीमा एकहप्ता अगाडिबाटै सम्लग्न हुन्थ्यौँ र बटुवालाई रंग हान्न म अग्रसर हुने गर्दथेँ । अहिले पनि अम्बिका दाइ स्कुल फष्ट हुनाले उहाँको चर्चा हाम्रा घरमा बस्ने हरिनारायण, पदम र भवानी दाइबाट खुवै सुन्दथेँ । म भने सानैदेखि उहाँसँग रमेकोले होला प्रायः शनिबारका दिन कहिले काली खोलामा तितली समाउन कुद्थे भने कहिले सर्दूमा घुम्न निस्कन्थ्ये ।

यो गर्मीको छुट्टीमा मैले कक्षामा हिसाब पढाउने पुरानु बजारका शिक्षक राधा श्रेष्ठ सरसँग हिसाबको ट्युशन पढ्न थालेँ । सरसित अंग्रेजी पाठ्यपुस्तकका माने सोधेर माने कपी बनाएर घोक्न थालेँ । यो घोक्ने क्रममा मैले अफन (यातभल)लाई अफ्टन भनेर घोकेको र असुद्ध पढिस् भनेर मेरा साइला दाजुले मलाई गोदेकोले म अब उच्चारणमा पनि सतर्क हुन थालेँ । मैले ट्युशन पढ्न थालेको केही दिनपछि यादव र भुपेन्द्र कार्की दाजुभाइ पनि ट्युशन पढ्न जोडिए । उनीहरू आएको केही दिनमा नै ज्ञानु श्रेष्ठ पनि आइन् र हामी चारजनाले राधा सरसँग तीन-चार महिना ट्युशनमा सँगै समय बितायौं । तर, यो तीनचार महिनाको पढाइले मेरो परिचय बदलिदियो मेरो आत्मविश्वास चुलियो । राधा सरले प्रायः सबै विषय पढाए पनि हिसाबलाई सबैभन्दा सजिलो विषय मान्ने भए म । यो समयमा करिब नौ कक्षामा पढ्नुपर्ने कोर्षको अल्जेब्रासम्म पढ्न भ्याए । हिसाब सँगसँगै अग्रेजी र साइन्समा समेत उहाँले मलाई राम्रो पथप्रदर्शन गर्नुभयो । राधा सरको अनुग्रहले मैले सहजै कक्षा आठ पास गरेँ ।

कक्षा नौमा पुग्दा म पब्लिक हाइस्कुलको सेक्सन 'ए' को पहिलो बेञ्चमा बस्ने छात्रको सूचीमा समावेश हुने विद्यार्थी भइसकेछु । हरेक कक्षा उत्तीण गरेर गएपछि नयाँ पुराना साथीहरूबीच नयाँ समीकरण बन्ने रहेछ । आठकक्षाका केही साथीहरू जो ए सेक्सनमा परे उनीहरूका अलावा आठ कक्षाका 'ए' सेक्सनबाट आएका साथीहरू किरण कार्की, सरोज धिताल, आनन्द आचार्य, नरेश वर्मा, महेश लोहिया, इन्द्रसेन अग्रवाल आदि साथीहरूसँग मेरो नयाँ समीकरण बन्यो । त्यसको केही दिनमा अन्य स्कुलबाट आएका खगेन्द्र सिक्देल, मोहन दंगाल र वसन्त श्रेष्ठ (दिनेश श्रेष्ठ) पनि नयाँ सहपाठीका रूपमा देखापरे । यसैबेला मेरो अनन्य मित्र रमेश पनि तरहराबाट अब धरानमै पढ्ने भनेर हाम्रै घरमा बस्ने गरी आइपुगे ।

यसै साल हेडसर पनि अमेरिकाबाट केही शैक्षिक तालिम लिएर आउनु भएकाले स्कुल अझ ऊर्जावान् भयो । सरले हामीलाई स्कुल हलमा जम्मा गरेर अमेरिका बारेमा दिएको अनुभव र अनुभूतिहरूको मन्तव्य हामी धेरैको लागि मार्ग निर्देशन भयो । यो समयमा अमेरिका पुगेर आउने मानिस धरानमा औलामा गन्न सकिनेमात्र थिए होला । अमेरिका स्वप्न संसार थियो । भारतमा प्रवेश गरेर ब्रिटिशले आफूलाई देवगंव करण गरेको असर हामीमा पनि परेकै थियो । त्यसैले हामी पनि पिसकोर्षमा आएका अमेरिकन नागरिकहरूको सेतो छालाकै कारण स्वर्गबाट आएका प्राणी समान व्यवहार गर्दथ्यौ ।

तेइस सालका एसएलसी परीक्षाको रिजल्ट आएपछि हाम्रा घरमा डेरा गरेर बसेका हरिनारायण र पदम ढुंगाना दुवैले प्रथम र भवानी दाइहरूले दोस्रो श्रेणीमा पास गरेको सुनेँ । यो सुनाइले ममा आफूले पनि फष्ट डिविजनमा पास गर्ने आकांक्षाको ज्वालामा घ्यू थप्ने काम गऱ्यो । ममा भूत सवार भएझैँ भयो । म किताबको कीरो बनेँ । कतिपय एस्सेहरू घोकेर पानी पारियो कति पुस्तका हरपहरू कण्ठस्थ पारियो । किताबमा नबुझेको कुरालाई जबरजस्ती घोकेरै भए पनि कण्ठ गर्नु सामान्य हुन थाल्यो । रमेश र म चौबीसैघण्टा सँगसँगै भएकाले कतिपय कुरा बुझ्न एकआपसमा सहज पनि हुने नै भयो । मैले पढ्दै जाँदा आफू कहाँ अड्किन्छु भन्ने शीर्षक र विषयमा आफूलाई केन्द्रित गर्न थालेँ । भूगोल पढ्दै जाँदा अक्षांश र देशान्तर निकाल्ने कुरामा अड्किए पछि दाइ सुशील खनालसँग अंग्रेजी र भूगोलको ट्युशन करिब दुई महिना पढेपछि मेरो भूगोलको समस्या समाधान भयो ।

ज्यामिति र ट्रिगोनमेट्री मैले नौ कक्षामा मिहिनेत गरेर पढ्दै गर्दा अचानक फिस बढाएको विरोधमा हडाल गर्ने हावा चल्यो । यो हावाको अन्तर्य थाहै नपाई हाइस्कुलबाट हामी रमेश पौडेल, म, भरत पोखे्रल, बद्री रिजाल, आनन्द आचार्य र भीष्म काफ्लेलगायत साथीहरू हड्ताली नेता भयौ र भाषण गर्दै हिँड्न थाल्यौं । उता बालिका स्कुलबाट चन्द्रकला आँचल, ज्योति राई र मन शोभा राईहरू साथ दिने भए । हाम्रो हड्तालले करिब डेड महिना जति स्कुल पढाइलाई व्यवधान गऱ्यो । त्यसकालमा धरानका सबै स्कुलहरू ठप्प भए । हामीमध्ये केही दिउँसो हड्ताल गर्ने र राति कलेजका दाइहरूसँग दीक्षा लिने कर्म गर्न थाल्यौं । यो हड्तालको हावाले हामीले गोबर र खरानीको भाष्य, रहस्य पनि केही थाहा पायौं । फलतः हामी केही साथीहरू खरानीमा दर्ज भएर भानुचौकमा निर्माण भएका सेण्डिकेटका टिनका छाप्रामा कोचिङ् पढ्न जान थाल्यौं ।

म र रमेश त्यहाँ पनि सक्रिय भयौं । कोचिङमा आयोजना हुने गोष्ठीमा पुरस्कारका रूपमा प्राप्त ल्यू सुन, माओका कृतिहरू र सचित्र चिनले हाम्रा टेबुल सजिन थाले । त्यसबेला हामीलाई शिव ढकाल, इन्द्र श्रेष्ठ, ओमकृष्ण सिटौला, दलु छाया, नेत्रबन्धु पौडेल आदि महेन्द्र कलेजका अग्रज दाइहरूले कोचिङमा दीक्षित गर्नुहुन्थ्यो । कोचिङमा गएर अध्ययन गरेका सचित्र चिन, ल्यू सुन र माओका कृतिहरू अन्ततः मेरा पठन अभ्यासका सूत्रधार भए । सचित्र चीनका कारणले म नियमित पत्रिका पढने भए । नजानिकन म त्यबेलाका चल्तिका साप्ताहिक पत्रिकाहरू नयाँ सन्देश, समीक्षा, आरती र मातृभूमि पत्रिका पढन थालेँ । यो अतिरित्त पठनले मेरो कविता लेखनमा पनि सुधार भयो । सायद यही पठनका कारणले हो कि ? २०२४ सालमा धरान नगर पञ्चायतको तत्वावधानमा भएको साक्षरता अभियान दिवसको अवसरमा आयोजित कविता गोष्ठीमा मैले कविता विधामा दोस्रो स्थान प्राप्त गरेँ र आफूलाई फुच्चे कविमा दर्ज गरेँ ।

नौ कक्षाको हड्तालका कारण बालिका स्कुलका श्यामा, राधा मन शोभा पार्वतालगायतका छात्रा साथीहरूसँग हाम्रो विशेषतः रमेशको र मेरो सम्पर्क हुन थाल्यो । पार्वता साइनोले मेरी बैनी पर्दथिन् र राधाकी छिमेकी थिइन् । श्यामाको र मेरो घर केही दूरीमा भए पनि आमनेसामने भएकाले हामी पहिल्यै नोटबुकहरू आदान प्रदान गर्ने गर्दथ्यौ भने राधा पार्वतासँगै सधैं खहरेको धारामा भेट हुने भएकाले हाम्री सहज सम्पर्ककी मित्र थिइन् । एक दिन मन शोभाले मलाई उनको घरजान आग्रह गरिन् । म उनीसँगै उनको घरजाँदै थिए । हामी उनको घरनजिक पुग्दै गर्दा चक्रघट्टीबाट आइरहेका मेरो ठूलो दाजुसँग बाटामा जम्काभेट भयो ।

दाजुलाई देख्ने वित्तिकै मेरो सातो गयो । म टक्क अडिएँ । एकाएक म रोकिएको देखेर मनशोभाले मेरो हात तान्दै छिटो हिँड्न आग्रह गरिन् । म लाज र डरले मूर्तिवत भएँ । दाजु यो सब देखेर पनि नदेखेझैँ आफ्नो बाटो जानुभयो । मैले मनशोभालाई केही नभनी घरमा पुऱ्याए र केही बेरपछि भयभीत मनमा धेरै कुरा खेलाउँदै घर फर्किएँ । म घरमा पुग्नासाथ रमेशसँग हालखबर बुझ्रिरहनु भएका दाजुले मलाई देखेपछि कुराको सिलसिला परिवर्तन गर्नुभयो र हामीले पढाइमा ध्यान नदिएर हड्ताल गरेकोमा असन्तोष जनाउनुभयो । मलाई हेरेर व्यंग्को भाषामा पढ्न छोडेर चारतिर भौतारिँदा खुइले कुकुर हौला ! बेलैमा होस् गर भन्दै आफ्ना लामा जुंगा मुसार्नु भयो ।

प्रदेश सरकार
खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर

बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना

प्रकाशित मितिः- २०८२/०१/१९

यस मन्त्रालयबाट मिति २०८१/११/१३ गते राष्ट्रिय दैनिक "सौर्य दैनिक" मा प्रकाशित सूचना अनुसार E-Bid मार्फत रितपूर्वक पेश भएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ (८) अनुसार तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | MoWSIE-KP/DoIE/ Goods/081-82/ NCB-14 | Supply, Delivery, Installation, Testing and Commissioning of Water Vending Machine with all required accessories complete set as per specification all complete (As per BoQ | New Anand Trade House Pvt. Ltd., Biratnagar | २,४६,००,०००।०० |

महाशाखा प्रमुख

## पाँडे, शाह र बाउसेलाई 'वानीरा पुरस्कार' अर्पण

# 'एउटा जिउँदो जंगबहादुर'को नयाँ संस्करण लोकार्पण

**काठमाडौं / हिटा ।** वानीरा फाउण्डेशनले नेपाली साहित्य र कला क्षेत्रका तीन व्यक्तित्वलाई वानीरा पुरस्कारबाट सम्मान अर्पण गरेको छ । काठमाडौंमा अवस्थित वानीरा सभागृहमा आयोजित एक विशेष्ढा समारोहबीच फाउण्डेशनकी अध्यक्ष इन्दिरा प्रसाईंले पुरस्कार सम्मान अर्पण गर्नुभएको थियो । समारोहमा प्राध्यापक रामकुमार पाँडेलाई २०८१ सालको 'वानीरा प्रज्ञा पुरस्कार' अर्पण गरिएको थियो । नेपाली भाषासाहित्यको सिर्जनामा साढे छ दशकदेखि निरन्तर योगदान पुऱ्याउनुभएका पाँडेलाई यो पुरस्कार अर्पण गरिएको हो । यस पुरस्कारको राशि एक लाख रुपैयाँ रहेको छ ।


यस्तै, चित्रकार शशि शाहलाई 'वानीरा शंकर पुरस्कार' अर्पण गरिएको थियो । चित्रकलाको क्षेत्रमा सात दशकदेखि अनवरत योगदान पुऱ्याउँदै अन्तर्राष्ट्रिय जगतमा नेपालको गौरव बढाउनुभएकी शाहलाई यो पुरस्कार प्रदान गरिएको हो । यो पुरस्कारको राशि पनि एक लाख रुपैयाँ छ ।



यसैगरी कवि कृष्ण बाउसेलाई 'वानीरा पुरस्कार' अर्पण गरिएको थियो । नेपाली भाषासाहित्यको संवर्द्धनमा कविता सिर्जनामार्फत उल्लेखनीय योगदान पुऱ्याएबापत उहाँलाई पचास हजार रुपैयाँ राशिसहित यो पुरस्कार अर्पण गरिएको हो । पुरस्कार वितरण समारोहमा डा.वानीरा गिरिकृत कवितासंग्रह ' एउटा जिउँदो जंगबहादुर'को नयाँ संस्करणको लोकार्पण पनि गरिएको थियो । त्यसअघि वानीरा संग्रहालयमा अवस्थित डा.गिरीको पूर्ण कदको सालिकमा फाउण्डेशनकी अध्यक्ष प्रसाईंले माल्यार्पण गर्नुभएको थियो ।

इञ्जिनियर शंकर गिरिको इच्छाअनुसार वानीरा फाउण्डेशनको भवन तथा संग्रहालयको स्थापना भएको हो । फाउण्डेशनकी अध्यक्ष इन्दिराको सभापतित्वमा सम्पन्न समारोहमा पुरस्कृत व्यक्तित्वहरू, कार्यक्रम संयोजक भगवती बस्नेत र सदस्यसचिव नरेन्द्रराज प्रसाईंले वानीरा गिरिबारे मन्तव्य राख्नुभएको थियो ।

## पोषण पाण्डे स्मृति पुरस्कार मैनालीलाई



**काठमाडौं ।** नेपाली साहित्यमा मुर्धन्य स्रष्टा पोषण पाण्डेको स्मृतिमा स्थापित ' पोषण पाण्डे-तीर्थ सदन'ले यस वर्ष वरिष्ठ समालोचक तथा साहित्यकार युवराज मैनालीलाई पुरस्कृत गर्ने भएको छ । यही वैशाख ३१ गते (सदन कि संरक्षक स्वर्गीय तीर्थकुमारी पाण्डेको ४५औं पुण्य तिथिको अवसर पारेर) काठमाडौंको मीनभवन अवस्थित पोषण पाण्डे तीर्थ सदन रहेको निवासमा ५१ हजार रुपैयाँ नगदसहित कदर पत्रद्वारा सम्मान गरिने भएको छ ।

३० को दशकदेखि साहित्यमा कलम चलाउँदै आउनुभएको युवराज मैनाली नेपाली साहित्यको क्षेत्रमा स्थापित व्यक्ति हुनुहुन्छ । समालोचना, लघुकथा, हास्यव्यंग्यनिबन्ध, कवितामा कलम चलाउँदै आउनुभएका उहाँको कथासंग्रह 'मुर्दा बोल्यो' २०३७ सालमा प्रकाशित कृति हो । बालकृष्ण सम नाट्यकारिताको कृति नै निकाल्नुका साथै भ्रष्टाचारको भाङ निबन्धसंग्रह, 'पृथक् बाटो' लघुकथासंग्रह, दृष्टि दृष्टिकोण समालोचनासंग्रह लगायतका उहाँका कृति प्रकाशित छन् ।

एलिभेसन इनर्जी म्यानेजमेन्ट लिमिटेड

प्रथम पटक प्रकाशित मिति बैशाख १८, २०८२

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति वैशाख १७, २०८२ गते बसेको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थितको लागि सम्पूर्ण शेयरधनीहरुलाई सादर अनुरोध गर्दछौ ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : जेष्ठ ०२, २०८२ (May 16, 2025)
समय : बिहानको ८:०० बजे, शुक्रबार
स्थान : कम्पनीको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

**२. छलफलको विषय :**

**क) विशेष प्रस्तावहरु**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।
२. कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering) गर्ने सम्बन्धमा ।
३. नियमक निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ख) विविध**

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**

*बुढानीलकण्ठ नगरपालिका*
*नगर कार्यपालिकाको कार्यालय*
*हात्तीगौंडा, काठमाडौं*
*बागमती प्रदेश, नेपाल*

*आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना*

*मितिः २०८२/०१/१९*
*नेपाल सम्वत् ११४५*

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा निम्न बमोजिम बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार विद्युतिय खरिद प्रणालिमा दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावको मुल्याकंनमा निम्न अनुसारको बोलपत्रदातालेहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०१/२६ गते दिउँसो १:०० बजे यस नगरपालिकामा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ज को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| SN | Name of Contract & Contract No. | Name & Address of Technically Substantially Responsive Bidders |
|---|---|---|
| 1. | Construction of Gulfutar Football Ground, Ward no-8. (NCB/BNP/CW/081_082/07) | a. Kanchan Construction Company Pvt Ltd, Lalitpur_Satdobato<br>b. P.S.S. Construction and Suppliers Pvt. Ltd, tarkeshwor, Kathmandu<br>c. Vastu Builders Pvt. Ltd, Kushma_Parbat<br>d. Lama Pragati Nirman Sewa, Kavrepalanchok<br>e. J.S.S. Engineering Services Pvt. Ltd, Gyaneshwor_Kathmandu<br>f. Purna Binayak Construction Pvt.Ltd, Kathmandu<br>g. Situ Construction, Kathmandu<br>h. Prime Company Pvt Ltd, Kathmandu<br>i. D.S.Builders And Engineering Counsult, Gokarneshwor-09, Kathmandu |

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Postal Highway Directorate**
**Babarmahal, Kathmandu**

**Notice to Open Financial Bids**

**Date of publication : 2082/01/19 (May 02, 2025)**

Persuant to Rule 31 Ja (5) of Public Proculement Regulation 2064 (With ammendments), this is to notify all the concerned bidders who have bidded for the following works as per Invitation for Bids No. 02/081/82 published on Aarthik National Daily on March 03, 2025 that the listed bidders are substantially responsive in technical proposal.

| SN | Contract No | Description and Location of Works | Successful Bidders as per Evaluation of Technical Proposal |
|---|---|---|---|
| 1 | HRP/337011284/ 2081-82/BC-05 | Construction of Prestressed RCC Bridge over Patringe Khola along Kalakate-Gadawa Road, Hulaki Rajmarga, Dang | 1. Bhairab Construction Company Pvt. Ltd., Kathmandu<br>2. YSS Nirman Sewa Pvt. Ltd., Surkhet<br>3. M R and Group Pvt. Ltd., Chitawan<br>4. Lumbini Rajeshwori JV, Rupandehi<br>5. Asiatic- Rajbir RV, Rolpa |
| 2 | HRP/337011284/ 2081-82/BC-06 | Construction of RCC Bridge over Chisang Khola along Ratuwa-Kesaliya Road, Hulaki Rajmarga, Morang | 1. Geetanjali- Ranakalimata JV, Morang<br>2. Samata Construction and Suppliers Pvt.Ltd., Jhapa<br>3. Karki Bandhu Construction Pvt.Ltd., Morang |
| 3 | HRP/337011284/ 2081-82/BC-08 | Construction of (4 spanx6mx6m) RCC Box Culvert at Singhai Khola along Sitalpur-Malangwa Road and (4 spanx5mx4m) Box Culvert at Sikhauna Kholsi along Godaita-Mahinathpur-Chyutaha Road, Hulaki Rajmarga, Sarlahi | 1. JANAKI- SHAH & SONS- KIB JV, Rolpa |

All the successful bidders in technical proposal are notified that the financial proposal for the above-mentioned works will be opened on 2082/01/26 (May 09, 2025) at 13:00 hrs in Postal Highway Directorate, Babarmahal, Kathmandu.

**Project Director**